# बर्दिवास नगरपालिकाकार्यालय, महोत्तरी

## सेवा करार सम्बन्धि दरखास्त आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:-२०७२।०८।२०**

यस कार्यालयलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ आवश्यक निम्न सेवा, समूह, तहका पदहरु कार्यक्षमताको आधारमा सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

(१) सूचना नं. १/२०७२/०७३

पद : ईन्जिनियर

सेवा : ईन्जिनियरिङ्ग(सेवा करार )

समूह : सिभिल

तह : अधिकृत स्तर छैटौं तह

माग संख्या : १ (एक)

पारिश्रमिक : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको नियमानुसार ।

न्यूनतम योग्यता :

- मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा बी.ई. वा सो सरह उतिर्ण गरेको एक वर्ष पुरा भई नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको ।
- २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- नेपाल सरकार वा अन्तर्गतको कुनैपनि सरकारी वा गैहसरकारी कार्यालयमा सिभिल इन्जिनियरको पदमा दुई वर्ष कार्य सम्पादनगरी अनुभव हाँसिल गरेको ।
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कसुरदार नठहरिएको, कुनै कानुनले अयोग्य नभएको।
- स्थानीयलाई प्राथमिकता दिईने छ ।
- कम्प्यूटर सम्बन्धी राम्रो ज्ञान भएको ( अफिस प्रोग्राम, नेपाली अंग्रेजी राम्रो संग टाइप गर्न सक्ने लगायत) तथा Auto CAD सम्बन्धी जानकारी भएको ।
- दरखास्तफारम दस्तुर : रु. ७००।-( फिर्ता नहुने गरी)
- छनौट प्रकृया : अन्तरवार्ता र कार्य अनुभव ।(स्थानीयलाई प्राथमिकता दिईने)

(२) सूचना नं. २/२०७२/०७३

पद : .सामाजिक परिचालिक

सेवा : सेवाकरार

माग संख्या : १ (एक)

पारिश्रमिक : नियमानुसार ।

न्यूनतम योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट आई.ए.वा दशजोड दुई वा सों सरह उत्तीर्ण वा सि.टि.इ.भि.टि.बाट १२ महिने सामाजिक परिचालक तालिमप्राप्त, नेपालीनागरिक, सम्बन्धित क्षेत्रको विवाहित महिला/एकल महिला/अन्य महिला हुनुपर्नेछ ।

उमेर : २१ वर्ष पूरा भएको स्थानीय आर्थिक,सामाजिक तथा साँस्कृतिक रुपमा पछि परेका हुनुपर्नेछ ।

पदमा रही गर्नुपर्ने काम:सेवा, समूह सम्वन्धि र नगरपालिकाबाट तोकिएका अन्यकार्यहरु ।

दरखास्त फारम दस्तुर : रु. ४००।-

छनौटप्रकृया : लिखित तथा अन्तरवार्ता ।

कार्यक्षेत्र : बर्दिवास नगरपालिका वडा नं. ७,८ र ९( साविक किसाननगर गा.वि.स.) ।

कम्प्युटर सम्वन्धि ज्ञान भएकालाई प्राथमिकता दिईने छ ।

**द्रस्टव्य :**

(क) रितपूर्वको दरखास्त नगरपालिकाको राजस्वशाखामा तोकिएको दस्तुर तिरी सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म यस कार्यालयबाट प्राप्तगर्न सकिनेछ ।

(ख) रीतपूर्वकको दरखास्त भरी यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १.०० वजे सम्म पेश गर्नु पर्नेछ । दरखास्तलिने वा बुझाउने दिन सार्वजनिक विदा परेमा उपरोक्त कार्य विदाको भोली पल्ट हुनेछ ।

(ग) दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु (अ.लब्धांकपत्र, आ.चारित्रिक प्रमाणपत्र, इ.विदेशी शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि) र नेपाली नागरिकताको प्रतिलिपि एवं दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।

(घ) प्रमाणपत्रका प्रतिलिपिहरुमा दरखास्तदाता स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्ने छ ।

(ङ) नैतिकपतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको वा बर्दिवास नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर बाँकी राखेको वा उल्लेखित पारिश्रमिक भन्दा बढी पारिश्रमिक कबोल गरेको वा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको दस्तुर नबुझाएको वा तोकिएको अन्यविवरण नखुलेको प्रस्ताव स्वीकृत गरिने छैन ।

(च) स्थानीयस्तरलाई विशेष प्राथमिकता दिइने छ ।

(छ) स्वीकृत दरखास्तदाताले सम्झौताको समयमा योग्यता र अनुभवका सक्कल प्रमाणपत्र समेत पेश गर्नु पर्ने छ ।

(ज) तोकिएको म्यादभित्र सम्झौतागर्न नआएमा त्यस पछिको १ नम्बरको वैकल्पिक दरखास्तदाता संग सम्झौता गरिने छ ।

(झ) सम्झौता भएको दरखास्तदाताले नगरपालिकाको काम आवश्यक्ता अनुसार जुनसुकै समयमा पनि गर्नु पर्नेछ ।

(ञ) सेवा करारको सम्झौता २०७३ साल अषाढ मसान्त सम्मको लागि गरिने छ । कार्यालयलाई सेवाको आवश्यक्ता अनुसार सम्झौताको अवधि थपगर्न सकिनेछ ।

(ट) कार्यालयलाई सेवाको आवश्यक्ता नभएमा वा काम सन्तोषजनक नभएमा जुनसुकै समयमा कार्यालयले सम्झौता भंग गरी सेवाबाट हटाउन सकिनेछ ।

(ठ) पारिश्रमिकको भुक्तानीमानियमानुसार कर कट्टा गरी भुक्तानी गरिनेछ ।

(ड) लिखित तथा अन्तरवार्ताको मिति, समय र स्थान पछि तोकिने छ ।

(ढ) करार सम्वन्धि अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य थप कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।

राज कुमार कार्की
कार्यकारी अधिकृत